आज मिति २०७३ पुष २७ गते बुधबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडा

आमन्त्रित

सामुदायिक अधिकृत श्री अनन्त प्रकाश वस्ती

लेखा अधिकृत श्री राजन कुमार भेटवाल

नायब सुब्बा श्री लक्ष्मी राई

**निर्णय नं. १ (क)** मिति २०७३/०७/०३ गते बसको पदपूर्ति समितिको निर्णय २ बमोजिम स्थानीय स्वायत्त शासन २०६६ (चौथो संशोधन सहित) को नियम २२५ ख ,तथा स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली २०७३ को नियम २२५ ख १ कार्य सम्पादन तथा अनुभवको मुल्याङ्कनद्धारा गरिने बढुवा सम्बन्धी बिशेष व्यवस्था बमोजिम बढुवा भएका निम्न कर्मचारीहरुको पद र तहको पुल दरबन्दी श्रृजना गरी समायोजन गर्ने तथा सोही नियमको उपनियम ३ बमोजिम निजहरुको बढुवा हुनुभन्दा पहिले बहाल रहेको पद खारेज गर्नका लागि आगामी नगरपरिषदमा अनुमोदनका लागि पेश गर्ने निणर्य गरियो ।

| कर्मचारीको नाम थर | बढुवा हुनु पुर्वको दरबन्दी (खारेज गरिने दरबन्दी) | बढुवा भएको दरबन्दी (समायोजन हुने दरबन्दी) | समायोजन हुने पद | बढुवा भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| कमल प्रसाद कोइराला | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौं | ईन्जीनियर | २०७३/०८/१३ | |
| सुरेश घिमिरे | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | नायब सुब्बा | २०७३/०८/१३ | |
| प्रेम प्रसाद पराजुली | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | नायब सुब्बा | २०७३/०८/१३ | |
| अग्नि प्रसाद दाहाल | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | नायब सुब्बा | २०७३/०८/१३ | |
| त्रिलोचन पौडेल | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | नायब सुब्बा | २०७३/०८/१३ | |

**निर्णय नं. १ (ख)** मिति २०७३/०७/०३ गते बसको पदपूर्ति समितिको निर्णय २ बमोजिम स्थानीय स्वायत्त शासन (चौथो संशोधन सहित) नियमावली २०६६ को नियम २२५ ख र (२) तथा स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली, २०७३ को नियम २२५ ख १ को उपनियम २ मा व्यवस्था भए बमोजिम कार्य सम्पादन तथा अनुभवको मुल्याङ्कनद्धारा गरिने बढुवाको लागि मिति २०७४ श्रावण मसान्तसम्ममा समयअवधि पुरा हुने कर्मचारी सामुदायिक अधिकृत अनन्त प्रकाश वस्ती (अधिकृत स्तर सातौं) बाट निवेदन प्राप्त भै मिति २०७३/०७/०३ मा बसेको पदपुर्ति समितिको बैठकबाट समेत सम्भावित पदका लागि आवश्यक बढुवा दरबन्दी श्रृजना गर्ने निर्णय सिफारिश अनुसार तपसिल बमोजिम बढुवा पद र तहको दरबन्दी श्रृजना गरी समायोजन गर्ने तथा उपनियम ३ बमोजिम साबिक पद लाई खारेज गर्न आगामी नगरपरिषदमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| क्र. सं. | खारेज हुने दरबन्दी | संख्या | समायोजन हुने दरबन्दी | कुल संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत स्तर सातौं | १ | अधिकृत स्तर आठौं | १ |
| २ | अधिकृत स्तर छैटौं | १ | अधिकृत स्तर सातौं | १ |
| ३ | सहायक स्तर चौथो | ४ | सहायक स्तर पाँचौ | ४ |
| | **जम्मा संख्या** | ६ | **जम्मा संख्या** | ६ |